# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/८०



## निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौं, नेपाल



कोषको संचालक समिति तथा कोष व्यवस्थापन




भारतको **CGTME** र कोष बीच कर्मचारी आदन प्रदानको लागि समझदारी पत्रमा हस्ताक्षर सम्पन्न

# वार्षिक प्रतिवेदन

## २०७९/८०

# निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौं, नेपाल

# निक्षेप तथा कर्जा सुरक्षण कोष

## सञ्चालक समिति



**डा. राम प्रसाद घिमिरे**
सचिव (राजस्व)
अर्थ मन्त्रालय
अध्यक्ष



**थान प्रसाद पंज्ञानी**
सह-सचवि
अर्थ मन्त्रालय
सञ्चालक



**बिनोद कुमार भट्टराई**
सह-सचवि
कानुन मन्त्रालय
सञ्चालक



**नरेश शाक्य**
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक
सञ्चालक



**प्रकाश जंग थापा**
(मनोनित)
सञ्चालक



**रमेश घिमिरे**
प्रमुख कार्यकारी अधिकृत
निक्षेप तथा कर्जा सुरक्षण कोष

# अध्यक्षको सन्देश



निक्षेप तथा कर्जा सुरक्षण कोष आफ्नो स्थापनाको ४९ वर्ष पुरा गरी ५० औं वर्षमा प्रवेश गरेको स्वर्ण वार्षिकोत्सवको विशेष अवसरमा समग्र कोष परिवारमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। यस अवसरमा कोषलाई आजको स्थानसम्म ल्याउन प्रत्यक्ष वा परोक्ष रूपले सहयोग पुऱ्याउने कोष व्यवस्थापन, कोषका समग्र कर्मचारीहरू र सरोकारवाला निकायहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

नेपाल राष्ट बैंकले वि.सं. २०३१ सालमा वाणिज्य बैंकहरूलाई आफ्नो कुल निक्षेपको कम्तिमा ५ प्रतिशत कर्जा साना क्षेत्र कार्यक्रममा अनिवार्य रूपमा लगानी गर्नुपर्ने गरी निर्देशन जारी गरेसँगै त्यस्ता क्षेत्रमा प्रवाह हुने कर्जामा हुने जोखिम व्यवस्थापन गर्ने उदेश्यले कोषको स्थापना भएको हो। साविकमा कर्जा सुरक्षणको कार्य मात्र गर्दै आएकोमा कोषले वि.सं. २०६७ सालदेखि बैंक तथा वित्तीय संस्थाप्रति आम सर्वसाधारणको विश्वासलाई अभिवृद्धि गरी वित्तीय स्थायित्व कायम गर्ने उदेश्यले निक्षेप सुरक्षणको जिम्मेवारी समेत सफलतापूर्वक सम्पादन गर्दै आएको छ।

केन्द्रिय बैंक तथा वाणिज्य बैंकहरूको पहलमा स्थापना भएको यस कोषमा नेपाल सरकारले वि.सं. २०४२ सालमा आंशिक स्वामित्व ग्रहण गरेको थियो। यस पश्चात नेपाल सरकारको पशुधन सुरक्षण, बैदेशिक रोजगार कर्जा, सहुलियतपूर्ण कर्जा लगायतका कार्यक्रम कोष मार्फत कार्यान्वयनमा ल्याइएको थियो। स्थापनाकाल देखि हालसम्म ५० वर्षको अवधिमा विभिन्न कर्जा सुरक्षण कार्यक्रम सञ्चालन गरेको कोषले गरिबी निवारण र उद्यमशीलता प्रवद्धनको क्षेत्रमा गर्ने कर्जा लगानीलाई प्रोत्साहित गर्ने कार्य सफलतापूर्वक निर्वाह गर्दै आएको छ।

पछिल्ला वर्षहरूमा कोषको सुरक्षण व्यवसायको आकारमा उत्साहजनक वृद्धि गर्दै आ.व. २०७८/७९ मा नेपाल सरकार को स्वामित्वमा स्थापित संस्थानहरू तर्फ उच्च मुनाफा आर्जन गर्ने संस्था भएको छ जुन आफैमा उत्साहजनक रहेको छ। एकातर्फ यो वृद्धिलाई कायम राख्ने कार्य चुनौतीपूर्ण रहेको छ भने अर्कोतर्फ कोषको परम्परागत कार्यशैलीमा सुधार गरी आधुनिक सूचना प्रविधिमैत्री कार्यवातावरण विकास गर्न समेत जरूरी भइसकेको छ। वित्तीय स्रोत साधन परिचालनका लागि क्षमता अभिवृद्धि गर्दै बैंक तथा वित्तीय संस्थालाई स्वःस्फूर्त रूपमा कोषको सुरक्षण कार्यक्रममा आकर्षण गर्नसक्ने वातावरण सृजना गर्न जरूरी छ। आगामी दिनमा बजारको माग अनुसार सुरक्षण कार्यक्रमको पुनरावलोकन र परिमार्जन गर्दै दिगो विकासका लक्ष्य पूरा गर्न सघाउ पुग्ने क्षेत्रमा लगानी हुने कर्जा सुरक्षण गरी कोषले कर्जा सुरक्षणको दायरा र क्षेत्र विस्तार गर्दै आफ्नो लक्ष्य प्राप्तिको दिशामा कोष सदैव अग्रसर हुने कुरामा आश्वस्त गराउन चाहान्छु।

अन्त्यमा, हालसम्म हासिल उपलब्धीका लागि कोषको व्यवस्थापन, कर्मचारी सेवाग्राही, लगायत कोषसँग सरोकार राख्ने सम्पूर्ण पक्षहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**डा. राम प्रसाद घिमिरे**
सचिव राजश्व अर्थ मन्त्रालय
तथा
अध्यक्ष, सञ्चालक समिति,
निक्षेप तथा कर्जा सुरक्षण कोष

# प्रमुख कार्यकारी अधिकृतको मन्तव्य



वि.सं. २०३१ साल असोज ४ गते स्थापना भएको कोषले स्थापनाको पाँच दशक पुरा गरिसकेको छ । यस अवधीमा कोषले आफ्ना विभिन्न सुरक्षण कार्यक्रमहरू मार्फत बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप र कर्जा सुरक्षण गरी नेपाली बैंकिङ्ग तथा वित्तीय प्रणालीको सारथीको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ ।

कोषले आर्थिक वर्ष २०७९/८० मा रू. १२ खर्व ३२ अर्व ९४ करोड बराबरको निक्षेप र रू. २ खर्व ७४ अर्व ६४ करोड बराबरको कर्जा सुरक्षण गरी जम्मा रकम रू. ३ अर्व ९९ करोड सुरक्षण शुल्क आर्जन गर्न सफल भएको छ । कोषले आर्जन गरेको उक्त सुरक्षण शुल्क विगत वर्षको सोही अवधिको तुलनामा २३ प्रतिशतले बढी हो । समिक्षा अवधिमा उक्त शुल्कका अतिरिक्त लगानी परिचालन बाट रू. २ अर्व २ करोड आम्दानी भएको छ । लगानीबाट प्राप्त उक्त आम्दानी विगत वर्षको सोही अवधिको तुलनामा ३९.५ प्रतिशत बढी हो । यस अवधिमा कोषले सुरक्षण शुल्क, लगानी र अन्य आम्दानी गरी कुल रू ६ अर्व ४ करोड आम्दानी गर्न सफल भएको छ ।

हालका वर्षमा देशमा आएको तरलताको समस्या, कर्जाको घट्दो माग, लगानीको लागि उपयुक्त वातावरणको कमी र न्यून प्रतिफल जस्ता समस्याहरूमा अपेक्षित सुधार नआउँदा कमजोर कर्जाको माग साथै देशको आर्थिक अवस्थाको कारण कोषको सुरक्षण व्यवसायमा पनि नकरात्मक असर देखापर्न थालेको छ । यद्यपी चालु आ.व.को तेस्रो त्रयमाससम्ममा कोषको समग्र वित्तीय अवस्थामा भने उत्साहजनक प्रगति हासिल भएको छ । यस अवधिमा कोषले रू. २ खर्व ९१ अर्व बराबरको कर्जा र रू १३ खर्व ८३ अर्व बराबरको निक्षेप सुरक्षण गरी रू.३ अर्व २७ करोड सुरक्षण शुल्क आर्जन गर्न सफल भएको छ । चालु वर्षको अन्तिम त्रयमास सम्ममा उक्त आम्दानीमा थप वृद्धि हुने भएकोले प्रतिकुल परिवेशका बाबजुद समिक्षा वर्षको तुलनामा चालु वर्षमा कोषको मुनाफामा उल्लेख्य वृद्धि हुने अनुमान गर्न सकिन्छ । कोषले आगामी पाँच वर्षको लागि दुरगामी रणनीतिक योजना तर्जुमा गरि कार्यान्वयन गरिरहेको र कोषको लक्ष्य प्राप्तिका लागि भावी दिनमा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा संरचनागत परिवर्तनहरूलाई उक्त दस्तावेजले मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

यस अवधारणा अनुरूप कोषले नविन कार्यक्कमहरूको तर्जुमा गरी सदस्य संस्थाहरूको सन्तुष्टि र विश्वास हासिल गर्ने उद्देश्यका साथ सूचना प्रविधिको उच्चतम प्रयोग गरी सञ्चालन क्षमता अभिवृद्धि गर्दै विवेकशील जोखिम व्यवस्थापन, उच्च तहको संस्थागत सुशासन, शुन्य सहिष्णुता संस्कृति, पद्धति र कार्यसम्पादन प्रेरित वातावरणलाई केन्द्रबिन्दुमा राखेर सर्तकतापूर्ण जोखिम व्यवस्थापनका प्रक्रियाहरू अपनाउने लक्ष्य लिएको छ ।

कोष सम्पूर्ण सरोकारवाला वर्गहरूले हामी माथि गर्नु भएको विश्वासको कदर गर्दै, सुरक्षित र भरपर्दो संस्था रहनेमा उत्तिकै जिम्मेवार र दृढ रहेको छ । हामी सेवा प्रदान गर्ने संस्थाको रूपमा मात्र नभई एउटा असल संस्थाको रूपमा सरकारलाई राजस्व तिर्नुका साथै देशको बृहत्तर हितका लागि योगदान दिँदै विश्वसनीय सुरक्षण सेवा प्रदायक संस्थाको रूपमा स्थापित हुने आफ्नो दुरदृष्टी हासिल गर्ने सदैव प्रयासरत रहेका छौं ।

अन्त्यमा, कोषलाई सेवा गर्ने अवसर प्रदान गर्ने बैंक तथा वित्तीय संस्था, कोषका लगानीकर्ता संस्थाः नेपाल सरकार, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक, कुशल मार्गदर्शन प्रदान गर्नुहुने कोष संचालक समितिका अध्यक्ष, संचालकहरू, र सम्पूर्ण सरोकारवाला पक्षहरूले निरन्तर रूपमा पुऱ्याउनु भएको सहयोगका लागि हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु । कोषलाई आजको अवस्थासम्म ल्याउन अहोरात्र परिश्रम गर्नुहुने कर्तव्यनिष्ठ कर्मचारीजन, मेरा सम्पूर्ण सहकर्मीहरूमा वहाँहरूले पुऱ्याउनुभएको उल्लेखनीय प्रयास, उत्कृष्ट योगदान तथा निरन्तर रूपमा प्राप्त सहयोग, प्रतिबद्धता, दूरदर्शिता, मार्गदर्शन र सेवाप्रदायक/आपुर्तिकर्ताहरूले हामी प्रति दर्शाउनुभएको विश्वासका लागि पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै, आगामी दिनमा सम्बद्ध सबै पक्षबाट कोषलई प्राप्तहुने साथ सहयोग र मार्गदर्शनले नेपाली अर्थतन्त्रको एक सबल एवं विश्वसनीय संस्थाको रूपमा स्थापित कोषको संस्थागत पहिचानले थप उचाई हासिल गर्ने कुरामा दृढ विश्वास प्रकट गर्दछु ।

**रमेश घिमिरे**
प्रमुख कार्यकारी अधिकृत
निक्षेप तथा कर्जा सुरक्षण कोष

# कोषको संक्षिप्त परिचय

स्थापना | २०३१ आश्विन ४ | २०७३ देखि निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन बाट संचालित



**कर्मचारी संख्या**

- स्थायी – ६०
- करार – १३
- कुल – ७३




## कोषका उद्देश्य

१. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिको नाममा कल, चल्ती, बचत तथा मुद्दति खातामा प्रति प्राकृतिक निक्षेपकर्ता प्रति बैंक/वित्तीय संस्थामा रहेको रु. ५ लाख सम्मको निक्षेप रकमको सुरक्षण गर्ने ।

२. बैंक तथा वित्तीय संस्थाले साना तथा मझौला उद्यम, कृषि, लघु वित्त तथा विपन्न वर्ग, शैक्षिक तथा शैक्षिक बेरोजगार व्यवसाय र निर्यात क्षेत्रमा प्रवाह गरेको कर्जाको सुरक्षण गर्ने ।

३. बाणिज्य बैंक, वित्तीय संस्था, सहकारी संस्था, वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था तथा पशुधनको क्षेत्रमा कार्य गर्ने अन्य संगठित संस्थाबाट पशुधन कर्जा लिई खरीद गरिएको पशुधनको सुरक्षण गर्ने।

## संचालक समिति

१. सरकारबाट मनोनित नेपाल सरकारका कर्मचारी – ३
२. नेपाल राष्ट्र बैंकका कर्मचारी – १
३. सरकारबाट मनोनित स्वतन्त्र संचालन – २
४. कोषका प्रमुख कार्यकारी अधिकृत – १

कुल ७ जना






## लक्ष्य

बचत परिचालन र लक्षित वगए तथा क्षेत्रमा संस्तागत कर्जाको पहुँच विस्तारमा योगदान गरी बैकिङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने ।




## दुरदृष्टि

विश्वसनीय सुरक्षणसेवाप्रदायक संस्थाको रूपमा स्थापित हुने ।




## मूलभूत मान्यताहरू

T- TRANSPERANCY

R- RESPONSIBLE

U-UNBIASED/FAIR

S-SECURITY

T-TECHNO FRIENDLY

E- EFFECTIVE

D-DYNAMIC

# निक्षेप तथा कर्जा सुरक्षण कोष

केन्द्रीय कार्यालय टंगाल, काठमाडौं
फोन नं. ४४१०६५९, ४४१७६०२, ४४२१२४१
फ्याक्स नं.: +९७७-१-४४३१७१०
E-mail:info@dcgf.gov.np
website:www.dcgf.gov.np.




## शाखा कार्यालयहरू:

विराटनगर: ०२१-४६४१२४
जनकपुर : ०४१-५९०५२७
भतपुर: ०५६-४९३८२८
पोखरा: ०६१-५८८७७९
बुटवल: ०७१-४१५१६२
सुर्खेत: ०८३-४१२११३
धनगढी: ०९१-५२५०००

## कर्जा सुरक्षण रकम (रू.अर्बमा)




## निक्षेप सुरक्षण रकम (रू.अर्बमा)



## सुरक्षण शुल्क आम्दानी (रू.करोडमा)




## विगत ५ वर्षको व्याज आम्दानी (रू.करोडमा)




विगत ५ वर्षको संचालन खर्च (रू.करोडमा)
१८.९१
२०.०२
२७.०६
३८.०५
५२.९२
२०७५/७६
२०७६/७७
२०७७/७८
२०७८/७९
२०७९/८०


विगत ५ वर्षको कर पछिको आम्दानी (रू.करोडमा)
१३८.६३
१८७.११
२१५.०९
३०१.५
३८०.६४
२०७५/७६
२०७६/७७
२०७७/७८
२०७८/७९
२०७९/८०

## इक्विटिमा प्रतिफल दर (प्रतिशत




## सम्पत्तिमा प्रतिफल दर (प्रतिशत)



# विगत ५ वर्षका प्रमुख वित्तीय झलकहरू

| आ .व | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | Trend |
|---|---|---|---|---|---|---|
| **निक्षेप सुरक्षण क्षेत्र** | ९३१,१७३,९२३.१८ | १,०५८,०५१,१२५.२३ | १,२२८,८१९,७२८.९१ | १,३७४,०८२,८४७.०१ | १,८६७,७९९,७४३.६६ | |
| **कर्जा सुरक्षण क्षेत्र** | २२६,१७२,७२६.१५ | ५८३,५९४,८५९.९२ | १,००५,८२१,७६९.४५ | १,८७०,४६३,२१८.२८ | २,१३१,५०१,९५०.६६ | |
| पशुधन सुरक्षण क्षेत्र | ३७,६०४,२२७.५० | ३५,५८९,९०१.५० | २२,३२९,८९०.५० | ९,४६९,२१३.५० | १०,००९,०००.०० | |
| विपन्न तथा लघु कर्जा क्षेत्र | १७०,७३८,६८४.३२ | ५०२,५५१,८७५.६० | ८२५,७९०,९३०.१७ | १,२९०,५१७,०५६.३२ | १,५०२,५१४,७०६.४३ | |
| कृषि कर्जा क्षेत्र | ११,१६८,०५३.९६ | १३,७४८,२६८.२४ | १८,०४८,११०.६८ | ४८,९२६,९०२.५२ | ६१,२०३,०७४.०३ | |
| सहुलियत पूर्ण क्षेत्र | | २१,७०८,९३५.४८ | १२१,७३७,८४१.८६ | ४६०,३१४,०२७.३९ | ४८१,१०७,२५७.४८ | |
| शैक्षिक क्षेत्र | | ११,४६५.०० | - | | - | |
| साना तथा मझौला उद्यम क्षेत्र | ६,६६१,७६०.३७ | ९,९८४,४१४.१० | १७,९१४,९९६.२४ | ६१,२३६,०१८.५५ | ७६,६६७,९१२.७२ | |
| **सुरक्षण दस्तुर आम्दानी** | **१,१५७,३४६,६४९.३३** | **१,६४१,६४५,९८५.१५** | **२,२३४,६४१,४९८.३६** | **३,२४४,५४६,०६५.२९** | **३,९९९,३०१,६९४.३२** | |
| **व्याज आम्दानी** | **१,०८९,४३९,११४.९९** | **२,५२६,८९१,१५५.०४** | **१,१२९,९१९,६१०.९४** | **१,४५३,२३७,६५६.६७** | **२,०२६,८३८,१६१.७६** | |
| मुद्दती लगानीबाट व्याज आम्दानी | १,०७७,४११,९६८.८७ | १,२५१,७११,५७२.५२ | १,१२१,१२९,५८८.९९ | १,४४४,५६५,६१४.४३ | २,०१०,४१७,३४४.०७ | |
| ऋणपत्र बाट व्याज आम्दानी | १२,०२७,१४६.१२ | ११,७३४,००५.०० | ८,७९०,०२१.९५ | ८,६७२,०४२.२४ | १६,४२०,८१७.६९ | |
| पुर्नमुल्याङ्कन समायोजन | - | १,२६३,४४५,५७७.५२ | | | | |
| **अन्य आम्दानी** | **१,६९२,८२७.७६** | **३३,६१३,३८९.४६** | **७,७८३,७९४.४८** | **७८,५७५,५७३.८३** | **२३,४३७,०१३.५६** | |
| क्षतिपूर्ति असूली | १,६९२,८२७.७६ | ४,००२,६१५.७७ | १,६४७,०८३.४१ | १५,०५२,२२३.७३ | २२,८८८,१२३.४५ | |
| लाभांश आम्दानी | | ६६४,५१०.८५ | - | - | ५७,१०३.५५ | |
| शेयर विक्री आम्दानी | | ६,४८२,१८९.०४ | १,२८२,५४०.०० | - | - | |
| बोलपत्र आवह्वान शुल्क आम्दानी | | | ६१४,०००.०० | - | | |
| वित्तीय आम्दानी | | १,९६२,२९३.६४ | १,९९६,३११.०६ | ४,६९५,६०१.३७ | | |
| परिक्षा शुल्क आम्दानी | | | १,९८२,९००.०० | - | | |
| अन्य आम्दानी | ४,४५०,५२२.०९ | २०,५०१,७८०.१६ | २६०,९६०.०१ | ५८,८२७,७४८.७३ | ४९१,७८६.५६ | |
| **कुल आम्दानी** | **२,२४८,४७८,५९२.०८** | **४,२०२,१५०,५२९.६५** | **३,३७२,३४४,९०३.७८** | **४,७७६,३५९,२९५.७९** | **६,०४९,५७६,८६९.६४** | |
| अन्य प्रशासनिक खर्च | ७९,६५०,०३६.५७ | ६१,५०९,१९०.१६ | ३६,१८४,३०२.०८ | २९,७०७,८९१.२९ | ३७,५११,१९१.४२ | |
| सुरक्षण खर्च | ६,८३८,७८६.२७ | ४,७३१,९२४.३७ | २,६७०,००८.६४ | २,३४१,९१४.४६ | १,८५९,८४८.२० | |
| दावी भुक्तानी | ६२,४३१,६५२.१२ | ८६,४९६,५२५.३६ | १८३,०३०,२९३.२७ | २७४,२६२,२७२.८७ | ३९६,७९६,३३७.४८ | |
| यस वर्षको ह्रास कट्टी | ४,४४०,८८१.०५ | ४,९९८,५७८.७० | ८,६७१,४६३.०० | १७,२२६,८६४.१२ | १६,६२८,९९७.८१ | |
| **खर्च** | १५३,३६१,३५६.०१ | १५७,७३६,२१८.५९ | २३०,५५६,०६६.९९ | ३२३,५३८,९४२.७४ | ४५२,७९६,३७४.९१ | |
| **खर्च** | ४०,२०८,३८९.६६ | ४७,४२३,२८३.३० | ४८,७२८,१०२.५९ | ५६,९७६,६३३.३१ | ७६,४२५,२१८.७४ | |
| **कुल खर्च** | **१९३,५६९,७४५.६७** | **२०५,१५९,५०१.८९** | **२७९,२८४,१६९.५८** | **३८०,५१५,५७६.०५** | **५२९,२२१,५९३.६५** | |

# विषय सूची

# परिच्छेद १

# निक्षेप तथा कर्जा सुरक्षण कोषको परिचय

### १.१ कोषको ऐतिहासिक पृष्ठभूमिः

नेपाल राष्ट्र बैंकले वि. सं. २०३१ को शुरूवातमा (सन् २०७४ मे) बाणिज्य बैंकहरूले आफ्नो कुल निक्षेपको कम्तीमा ५ प्रतिशत कर्जा साना क्षेत्र (Small Sector) मा लगानी गर्नुपर्ने नीतिको तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा अनिवार्य लगानीको निर्देशन जारी गर्‍यो । बाणिज्य बैंकहरूले उक्त क्षेत्रमा हुने आफ्नो लगानीमा बढी जोखिम महसुस गरेको हुँदा सोको व्यवस्थापनका लागि तत्कालै नेपाल राष्ट्र बैंकको नेतृत्वमा कर्जा सुरक्षण गर्ने छुट्टै निकाय खडा गर्ने प्रक्रिया अघि बढाइयो । सो पश्चात ऐतिहासिक रूपमा वि. सं. २०३१ असोज ४ गते नेपाल राष्ट्र बैंक र बाणिज्य बैंकहरूको स्वामित्व रहने गरी नेपालमा कर्जा सुरक्षण गर्ने संस्थाको स्थापना भयो । कम्पनी ऐन, २०२१ बमोजिम दर्ता भएको उक्त संस्थाको नाम कर्जा सुरक्षण निगम (प्रा.) लि. राखिएको थियो । तत्कालीन समयमा नेपालमा दुई बाणिज्य बैंकहरू मात्रै सञ्चालनमा रहेको हुँदा नेपाल राष्ट्र बैंक, नेपाल बैंक र राष्ट्रिय बाणिज्य बैंक निगमको संस्थापक सेयरधनीको रूपमा रहे ।

कर्जा सुरक्षण निगम विधिवत रूपमा दर्ता भए पश्चात नेपाल राष्ट्र बैंकका तर्फबाट दुई जना, नेपाल बैंकबाट एक जना र राष्ट्रिय बाणिज्य बैंकबाट १ जना गरी चार प्रतिनिधि भएको सञ्चालक समितिको बैठक २०३१ असोज ९ गते बालुवाटारमा बस्यो । सञ्चालक समितिको उक्त पहिलो बैठकले नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री कुमार दास श्रेष्ठलाई सञ्चालक समितिको प्रथम अध्यक्षको रूपमा चयन गर्‍यो । सोही बैठकले निगमको प्रशासनिक कार्यका लागि ३ जना कर्मचारीको दरबन्दी स्वीकृत गर्‍यो जसमध्ये सबैभन्दा माथिल्लो स्तरको पद अफिसर इन चार्ज (अधिकृत ग श्रेणी) थियो । उक्त पदमा कार्य गर्न नेपाल राष्ट्र बैंकबाट कर्मचारी काजमा पठाइदिन अनुरोध गर्ने निर्णय गरियो । सो माग बमोजिम नेपाल राष्ट्र बैकमा सहायक अधिकृत पदमा कार्यरत विजयराम माथेमालाई काजमा निगममा पठाइयो । उहाँले २०३१ असोज २७ बाट अफिसर इन चार्चका रूपमा कार्यभार सम्हाल्नुभयो र कोषको दैनिक कृयाकलाप सञ्चालनको नेतृत्व लिनुभयो । शुरूवाती चरणमा नेपाल राष्ट्र बैंक परिसर वालुवाटारमा नै केही समयको लागि कोठाहरू माग गरियो र केही थान फर्निचर खरिद गरी दैनिक कार्यसञ्चालन शुरू गरिएको थियो ।

प्रारम्भमा कम्पनी ऐन, २०२१ बमोजिम कर्जा सुरक्षण निगम (प्रा.) लि. नामबाट स्थापना भएको यस संस्थाबाट निक्षेप बीमाको समेत कार्य गर्ने उद्देष्य राखी वि.सं. २०५५ मा नाम परिवर्तन गरी निक्षेप बीमा तथा कर्जा सुरक्षण निगम (प्रा.) लि. राखियो । त्यस्तै, वि.सं. २०६३ मा यसको नाममा अझै सरलीकृत गरी निक्षेप तथा कर्जा सुरक्षण निगम (प्रा.) लि. मा परिमार्जन भयो । वि.सं. २०७३ असोज १८ मा निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ मा लागू भए पश्चात निक्षेप तथा कर्जा सुरक्षण कोषको नामबाट यस संस्था सञ्चालित छ । कम्पनी ऐन बमोजिम तत्कालीन निगमको प्रबन्धपत्र र नियमावली तथा उपनियमावली बमोजिम कृयाकलापहरू सञ्चालित भएकोमा हाल ऐन, नियमावली तथा विनियमावलीबाट कोषका कृयाकलाप तथा कार्यक्रमहरू सञ्चालित छन् ।

### कोषको लगानीकर्ता

नेपाल राष्ट्र बैंक, नेपाल बैंक र राष्ट्रिय बाणिज्य बैंकले लगानी गरी स्थापना गरेको यस संस्थामा स्थापना पछि नै अन्य सस्थाहरूलाई समेत लगानीकर्ताको रूपमा सहभागी गराउने विभिन्न प्रयास भए पनि सो प्रयासहरू सफल हुन सकेन ।

स्थापनाको झण्डै एक दशकको अवधि पश्चात वि. सं. २०४२ सालमा नेपाल सरकारले प्रत्यक्ष लगानी समेत कोषले प्राप्त गऱ्यो । यद्यपि केही बर्षका अपवाद बाहेक कोषको मुख्य सेयरहोल्डरका रूपमा नेपाल राष्ट्र बैंक नै रहदै आएकोमा वि.सं. २०६७ पश्चात नेपाल सरकारले लगानी बढाई मुख्य लगानीकर्ताको रूपमा रहदै आएको छ । कोष सञ्चालनको ऐन आउनुपूर्व नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेपाल बैंक र राष्ट्रिय बाणिज्य बैंक गरी चार सेयरधनी रहेकोमा ऐन लागू भएपश्चात दुई बाणिज्य बैंकको लगानी फिर्ता गरिएको थियो । हाल नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैंकको १० प्रतिशत लगानी रहेको छ ।

## कोषको कार्यालय ठेगाना

स्थापनाकालमा निगमको बैठक नेपाल राष्ट्र बैंकको कार्यालय बालुवाटार बस्यो र कार्यालयको लागि छुट्टै व्यवस्था हुनुअघि नेपाल राष्ट्र बैंकबाट केही कोठा माग गरी बालुवाटारबाट नै निगमको कृयाकलाप सञ्चालन भयो । केही महिना बालुवाटारबाटै सञ्चालन भए पछि निगमको कार्यालय २०३१ फागुनबाट घर भाडामा लिई गैरीधाराबाट सञ्चालनमा आयो । कोषको दरबन्दी र कर्मचारीबढ्दै जादा गैरीधारामा कार्यालय रहेको घरमा स्थान अपुग भएपछि निगमले थापाथलीमा घर भाडामा लिई कार्यालय सञ्चालन गऱ्यो । कोषले २०४० सालमा हालको कार्यालय रहेको स्थान टंगालमा घरजग्गा खरिद गरी कोष आफ्नै भवनबाट सञ्चालनमा आयो ।

कोषले २०५१ मा विराटनगर, बिरगंज, पोखरा, सिदार्थनगर (भैरहवा), नेपालगंज र धनगढीमा सम्पर्क कार्यालय सञ्चालन गर्ने निर्णय गरी नेपाल राष्ट्र बैंकको कार्यालयमा नै कार्यालय स्थापना गरी सञ्चालनमा ल्याएकोमा ती सम्पर्क कार्यालयहरू क्रमश बन्द हुने क्रम जारी रहे । वि.सं.२०५३ मा धनगढी, नेपालगंज र पोखरा, २०६० मा विराटनगर तथा २०६१ मा भैरहवा बन्द भई वि.सं २०६२ मा आइपुग्दा एउटा सम्पर्क कार्यालय मात्र बाँकी रहेको थियो । वि.सं.२०६४ मा सम्पर्क कार्यालय वीरगंज समेत बन्द गरी सम्पर्क कार्यालय विराटनगर स्थापना गरिएको थियो । वि. सं. २०६६ मा विराटनगर सम्पर्क कार्यालयलाई शाखा कार्यालयमा परिणत गर्नुका साथै बुटवलमा समेत शाखा कार्यालय थप गरियो । वि.सं. २०६८ बाट शाखा कार्यालयहरूलाई क्षेत्रीय कार्यालय भन्न थालियो भने २०६८ मा नै क्षेत्रीय कार्यालय बुटवललाई भरतपुरमा सार्ने निर्णय गरियो । त्यस्तै २०६९ मा क्षेत्रीय कार्यालय पोखराको स्थापना गरियो । वि. सं. २०७१ मा नेपालगंजमा समेत क्षेत्रीय कार्यालय स्थापना गरेपछि कोषका ४ क्षेत्रीय कार्यालय रहेका थिए । वि.सं. २०७४ मा कोषका क्षेत्रीय कार्यालयलाई शाखा कार्यालयको रूपमा परिवर्तन गर्ने र नेपालगंज शाखा कार्यालयलाई बुटवल स्थानान्तरण गर्नुका साथै जनकपुर, सुर्खेत र धनगढी शाखा कार्यालय नयाँ स्थापना गरेपछि कोषका शाखा कार्यालयहरू सात पुगेका थिए । हाल विराटनगर, जनकपुर, भरतपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीबाट कोषका शाखा कार्यालयहरू सञ्चालनमा छन् ।

## कोषका कार्यक्रमहरूमा विविधीकरण

प्राथमिकता क्षेत्र कर्जा अन्तर्गत साना क्षेत्रमा बाणिज्य बैंकहरूको लगानी अनिवार्य गरिए पछि शुरू भएको कर्जा सुरक्षण कार्यक्रम शुरूवाती चरणमा प्राथमिकता क्षेत्रमा नै केन्द्रित भयो । सन १९७४ मा शूरू भएको साना क्षेत्र (Small Sector) कार्यक्रमलाई सन् १९७६ मा निर्देशित कर्जा (Supervised Credit) नाम दिइयो भने सन् १९८१ मा सघन बैकिंङ कार्यक्रम (Intensive Banking Programme, IBP) को रूपमा पुन नामाकरण गरियो । यस कार्यक्रमलाई सन् १९९१ देखि प्राथमिकता क्षेत्र कर्जा (Priority Sector Lending) नाममा कार्यक्रम सञ्चालन गरियो । समय अनुसार जुनसुकै नाम दिइए पनि यी कर्जा कार्यक्रमहरू निम्न बर्गमा लक्षित प्राथमिकता प्राप्त क्षेत्र कर्जाकै स्वरूप थिए

र कोषले लामो अवधिसम्म यही प्रकृतिको कर्जाको सुरक्षण कार्यक्रम सञ्चालन गऱ्यो । नेपाल राष्ट्र बैंकले क्रमशः प्राथमिकता क्षेत्र कर्जा कार्यक्रमलाई घटाउदै बन्द गर्ने नीति अनुरूप सन् २००२ (वि.सं.२०५८) बाट अनिवार्य लगानीको सीमा घटाउदै सन् २००७ (वि.सं.२०६४) बाट अनिवार्यता बन्द गरेपछि कोषले गर्दै आएको मुख्य कर्जा सुरक्षण कार्यक्रम समेत बन्द भएको थियो ।

मुख्य रूपमा प्राथमिकता क्षेत्रको कर्जा सुरक्षण गर्दै आए पनि कोषले विभिन्न अन्य कर्जा सुरक्षण कार्यक्रम समेत शुरूवात गरेको थियो । यद्यपि कतिपय सुरक्षण कार्यक्रमहरू सफल हुन सकेनन् पनि कतिपय कार्यक्रमहरूलाई परिमार्जित स्वरूपमा सञ्चालन गरियो । वि.सं. २०४० को दशकको शरूवातमा पूर्व निर्यात कर्जा, शिक्षित बेरोजगार कर्जा लगायतका कर्जा सुरक्षण कार्यक्रम शुरूवात गरिएका थिए । २०५० को दशकमा क्रेडिट कार्ड बीमा, ग्रामीण परियोजनासंग सम्बन्धित विभिन्न क्षेत्रगत कर्जाको सुरक्षण तथा माइक्रोबस अन्तर्गत प्रवाह भएको कर्जाको सुरक्षण लगायतका कार्यक्रहरू समेत प्रचलनमा थिए । त्यस्तै २०६० को दशकमा बैदेशिक रोजगार ऋण सुरक्षण र तरकारी बाली सुरक्षणको व्यवस्था गरिए । यद्यपि ती कार्यक्रमहरूमध्ये कुनै कार्यक्रमहरू सीमित रूपम सञ्चालनमा आए भने कतिपय कार्यक्रम सञ्चालनमा नै आउन सकेनन् र समग्रमा असफल भए ।

वि.सं. २०६० मा साना तथा मझौला कर्जा सुरक्षण कार्यक्रमको व्यवस्था गरियो । वि.सं. २०६४ सालमा लघुवित्त तथा विपन्न वर्ग सुरक्षण कार्यक्रम शुरू भयो । वि.सं.२०७१ देखि नेपाल सरकारले कृषि कर्जामा व्याज अनुदान दिने नीति तर्जुमा गरेपछि कोषले पनि वि.सं. २०७३ सालमा छुट्टै कार्यक्रमको रूपमा कृषि कर्जा सुरक्षणको शुरूवात गऱ्यो । वि.सं. २०७५ मा नेपाल सरकारबाट अनिवार्य सुरक्षणको व्यवस्था सहित सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्था भयो र कोषले सहुलियतपूर्ण कर्जाको सुरक्षण समेत शुरूवात गऱ्यो । वि.सं.२०७५ मा शैक्षिक तथा शैक्षिक बेरोजगार कर्जा सुरक्षण कार्यक्रम र वि.सं.२०७६ मा निर्यात कर्जा सुरक्षण कार्यक्रमले धेरै बर्षपछि कोषमा पुन अवतरण गरे पनि हालसम्म आशातीत प्रगति हासिल गर्न भने सकेनन् ।

कोषले वि.सं. २०४४ सालबाट बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई खरिद गरिएका पशुधनको समेत सुरक्षण गर्न पशुधन सुरक्षण कार्यक्रमको शूरूवात गऱ्यो । शुरूवातमा काठमाडौं उपत्यका र कास्की जिल्लाबाट र केही समयपश्चात २१ जिल्लाबाट शुरू गरिएको यस कार्यक्रमले उल्लेखनीय रूपमा सफलता प्राप्त गरेपछि वि.सं. २०४९ बाट किसानले आफ्नै निजी तवरले खरिद गरिएका तथा गोठमा रहेका पशु चौपायाको समेत सुरक्षण गर्ने नीतिगत प्रबन्ध गऱ्यो । विविध कारणले वि.सं.२०५३ मा पशुधन सुरक्षण गर्ने कार्य बन्द गरिएकामा २०५४ बाट यस कार्यक्रमलाई पुन शुरू गर्ने निर्णय गरियो । विं सं.२०५६ बाट पशुधन सुरक्षण कार्यलाई पशुधन बीमाको नामबाट सञ्चालन गरिएकोमा २०६० बाट बीमक दर्ता नबीकरण नभएको कारण पुन पशुधन सुरक्षण नामबाट सञ्चालन गरियो । यसै समयबाट निजी पशुधनको बीमा हुने व्यवस्थासमेत अन्त्य भयो भने कर्जा लिई खरिद गरिएका पशुधनको सुरक्षण हालसम्म सञ्चालनमा रहेको छ ।

कोषमा निक्षेप सुरक्षण सन्दर्भमा २०४० साल अघिबाट नै बहस शुरू भए पनि तत्कालीन समयमा निजी बाणिज्य बैंकहरूको समेत स्थापना भएपछि यस विषयमा प्रक्रिया अगाडि बढाउने सैद्धान्तिक सहमति भएको थियो । २०४० को दशकमा थप बाणिज्य बैंकहरू स्थापना भएपछि निक्षेप सुरक्षणको थप बहस शुरू भयो र वि.सं.२०४५ मा बाणिज्य बैंकहरू र कृषि विकास बैंकमा रहेको निक्षेपको सुरक्षण गर्ने निर्णय भए पनि कानुनी व्यवस्था हुन बाँकी नै थियो । २०४६ मा तत्कालीन निगमको प्रबन्धपत्रमा भएको उद्देष्य परिमार्जन गरी यस सस्थाले निक्षेप बीमा समेत गर्न सक्ने व्यवस्था गरियो । यस क्रममा छलफल जारी नै रहेकोमा वि.सं.२०५३ मा निक्षेप बीमा तथा कर्जा सुरक्षण ऐनको मस्यौदा तयार गरी छलफल शुरू गरियो । यस मस्यौदा उपर नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय लगायत अन्य कानुनी परामर्शदाताहरूबाट

समेत राय प्रतिक्रिया लिने कार्य र सोमा परिमार्जनको क्रम चलिरह्यो । वि.सं २०६१ मा तत्कालीन नेपाल सरकारको कार्यक्रम तथा बजेटमा रू १ लाख सम्मको निक्षेपको सुरक्षण गर्ने घोषणा भयो । यद्यपि यसले समेत मूर्त रूप लिन सकेन । यस पछि सन् २००८/०९ को विश्वव्यापी आर्थिक मन्दीको प्रभाव र नेपालमा समेत केही बैंक तथा वित्तीय संस्था लिक्वीडेसनमा गएका दृष्टान्तले नेपालमा निक्षेप सुरक्षणको व्यवस्था गर्नैपर्ने महशुस सरोकारवालाहरूमा भयो । नेपाल सरकारले आ.व.२०६६/६७ को बजेट बक्तब्य मार्फत दुई लाखसम्मको निक्षेपको बीमा गर्ने नीति घोषणा गरेको थियो भने नेपाल राष्ट्र बैंकले आ.व. २०६७/६८ को मौद्रिक नीतिमा निक्षेप सुरक्षणलाई तत्कालै कार्यान्वायन गर्ने व्यवस्था गरेपश्चात निक्षेप सुरक्षण विनियमावली २०६७ बनाई निक्षेप सुरक्षण कार्यको शुरूवात गरिएको थियो । उक्त व्यवस्था निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ तथा निक्षेप सुरक्षण नियमावली, २०७५ मार्फत हालसम्म सञ्चालन हुदै आएको छ ।

## सुरक्षण सीमा

वि.सं. २०३१ सालमा कर्जा सुरक्षण सम्बन्धी व्यवस्था हुदा कर्जा सुरक्षणको माथिल्लो सीमा रू २ लाख रहेको थियो भने वि.सं २०४१ मा १० लाख रहेको थियो । हाल कोषले अधिकतम प्रति ऋणी रू ३ करोड सम्मको कर्जा सुरक्षण गर्न सक्ने व्यवस्था छ । कोषसंग पूर्व सहमति नलिइएका कर्जाका अधिकतम सीमा भने हाल १ करोड सम्म मात्रै रहेको छ । एद्यपि कोषका विभिन्न कर्जा कार्यक्रमहरूका सुरक्षण सीमा अलगअलग रहेका छन् ।

पशुधन सुरक्षण सन्दर्भमा शुरूवातमा सुरक्षण गर्न सकिने अधिकतम सीमा प्रति उन्नत जातका ठुला पशु रू २० हजार रहेकोमा उक्त सीमा विभिन्न समयमा वृद्धि हुँदै हाल रू १ लाख ५० हजार पुगेको छ ।

निक्षेप सुरक्षण सीमा तर्फ आ.व.२०६७/६८ मा रू २ लाख सम्मको निक्षेपको सुरक्षण गर्न थालिएकामा वि.सं.२०७५ का उक्त सीमा ३ लाख र वि.सं.२०७९ मा ५ लाख पुगेको छ ।

## सुरक्षण र दाबी भुक्तानी

तत्कालीन निगमले आ.व.२०३१/३२ मा ४६८ जना ऋणीको करिब १ करोड ४८ लाखको कर्जा सुरक्षण गरेकोमा विभिन्न समयमा यसमा वृद्धि हुदै आ.व २०४९/८० मा रू. १ अर्ब ३१ करोड कर्जा रकमको सुरक्षण गरेको थियो । त्यस्तै आ.व. २०७७/७८ मा झण्डै रू. १ खर्ब ४८ अर्ब कर्जा सुरक्षण भएकोमा आ.व. २०७९/८० मा आइपुग्दा करिब १७ लाख ऋणीलाई प्रवाह झण्डै भएको रू. २ खर्ब ७५ अर्ब कर्जा रकमको सुरक्षण भएको छ ।

वि.सं.२०६७/६८ मा करिब ६९ लाख खातामा रहेका रू. १ खर्ब ९४ अर्ब रकमको निक्षेप सुरक्षण भएकोमा २०८० श्रावण मसान्तको तथ्यांक बमोजिम करिब रू. ४ करोड १३ लाख खातामा रहेको झण्डै रू १२ खर्ब ३२ अर्ब रकमको सुरक्षण भएको छ ।

आ.व. २०७९/८० को तथ्यांक बमोजिम निक्षेप र कर्जा दुबै गरी कोषले रू.  १५ खर्ब भन्दा बढी रकमको सुरक्षण प्रदान गरेको छ ।

कर्जा सुरक्षण तर्फ पहिलो दाबी भुक्तानी आ.व.२०३८/३९ मा भएकोमा त्यस पश्चात निरन्तर रूपमा दाबी भुक्तानी हुदै आएको छ । आ.व. २०७९/८० मा झण्डै रू ४० करोड क्षतिपूर्ति दाबी भुक्तानी स्वीकृत भएको छ ।

निक्षेप सुरक्षण तर्फ हिमालयन फाइनान्स लिक्वीडेसनमा गई माग भएको करिब रू ११ करोड दाबी वि.सं २०७४ जेठमा भुक्तानी भई पहिलो पटक निक्षेप सुरक्षण दाबी भुक्तानी भएको थियो ।

## कुल नाफा र आयकर

तत्कालीन निगमको आ.व.२०३१/३२ मा करपछि रू १,१८,०६७ नाफा आर्जन गरेको थियो भने आ.व.२०४९/५० मा रू ५५,७६,२११ नाफा रहेको थियो । त्यस्तै गरी आ.व.२०५९/६० मा ८७ लाख ५१ हजार नाफा पुगेकोमा आ.व.२०६५/६६ मा सुरक्षण शुल्क आम्दानी भन्दा दाबी धेरै भई रू. ३ करोड ६४ लाख ४३ हजार घाटा देखिएको थियो । यस पश्चात क्रमिक रूपमा सुधार भई वि.सं.२०७८/७९ मा आइपुग्दा कोषको नाफा रू ३ अर्ब नाघेको छ । आ.व. २०७९/८० को अपरिष्कृत तथ्यांकअनुसार कोषले झण्डै रू. ३ अर्ब ८० करोड आर्जन गरेको छ ।

नाफामा भएको बृद्धि संगै तत्कालीन निगमको आ.व.२०३१/३२ को आयकर व्यवस्था बापत ३२,६३२ छुट्र्याएकोमा हाल झण्डै रू. १ अर्ब ६५ करोडको हाराहारीमा बार्षिक कर व्यवस्था हुने गरेको छ ।

आ.व. २०७८/७९ बाट सबैभन्दा बढी नाफा आर्जन गर्ने सार्वजनिक संस्थानको सूचीमा कोष उत्कृष्ठ पाँचको सूचीमा पर्न सफल भएको छ ।

## कोषको पूँजी

स्थापना हुँदा नेपाल राष्ट्र बैंकको रू २० लाख, नेपाल बैंकको रू. ५ लाख र राष्ट्रिय बाणिज्य बैंकको रू ५ लाख गरी कुल रू. ३० लाख चुक्ता पुँजी रहेको थियो । समय समयमा यो रकम बढाउदै हाल कोषको चुक्ता पूंजी रू १० अर्ब पुगेको छ भने कोषको नेटवर्थ करिब रू २३ अर्ब पुगेको छ । ऐन आउनुपूर्व रू.२ अर्ब चुक्ता पूंजी रहेको कोषको ऐन लागू पश्चात छोटो समयमा नै चुक्ता पूँजी १० अर्ब पुऱ्याइएको थियो ।




## कोषको दरबन्दी

वि.सं.२०३१ असोज २ गने बसेको तत्कालीन निगमको सञ्चालक समितिको बैठकले ३ जना कर्मचारीको दरबन्दी स्वीकृत गरेको थियो । वि.सं २०३१ मंसिर २ मा बसेको समितिको बैठकले १ सहायक कर्मचारीको दरबन्दी थप गऱ्यो । त्यस्तै पुस २२ मा बसेको समितिको अर्को बैठकले २ जना अधिकृत, १ प्रधान सहायक र १ जना पियन पदको दरबन्दी स्वीकृत गऱ्यो । त्यस्तै २०३१ चैत्रमा अधिकृत ख श्रेणीको पद कायम गरी मंसिर १ बाट लागू हुने गरी अधिकृत ग श्रेणीमा स्थायी गरिएका विजयराम माथेमालाई उक्त पदमा कामु दिने निर्णय गरियो । यसै गरी २०३२ भाद्रमा अफिसर इन चार्ज पदलाई मुख्य अधिकृत पदमा परिवर्तन गरी दुई अधिकृत पदलाई अधिकृत लेखा विभाग र अधिकृत सुरक्षण

विभाग गरी पद र विभाग समेत छुट्याइएको थियो । सोही बर्षको असोजमा विजयराम माथेमा मुख्य अधिकृत पदमा बढुवा भएका थिए । यवं रितले निगमको आवश्यकता बमोजिम दरबन्दी संरचना थप हुदै आएका थिए भने अधिकृत स्तरको पदमा पनि स्तर बृद्धि गर्दै २०४५ सम्म आइपुग्दा प्रबन्धक, नायब महाप्रबन्धक तथा महाप्रबन्धक पदहरू सिर्जना भएका थिए । विभिन्न समयमा पटक पटक दरबन्धी थप हुदै पचासको दशकको अन्त्यतिर ४६ दरबन्दी रहेकामा २०६० सम्म आइपुग्दा केही पदहरू कटौती गरी कुल दरबन्दी ३८ कायम गरिएको थियो । दरबन्दी कटौती गर्दै ६० को दशकको मध्यतिर ३२ सम्म झरेकोमा विभिन्न समयमा फेरी केही पदहरू थप हुदै वि.सं. २०७३ मा कोषको दरबन्दी ४९ रहेकोमा वि.सं.२०७४/७५ मा ६२ हुदै वि.सं.२०७६/७७ मा ८२ जना कर्मचारीको दरबन्दी कायम भएको थियो । सोही दरबन्दी नै कोषमा हाल विद्यमान रहेको छ ।

कोषले आमजनतामा वित्तीय पहुँच अभिवृद्धि गर्न तथा आम वित्तीय प्रणाली प्रति विश्वसनीयता अभिबृद्धि गर्न महत्वपूर्ण योगदान गर्दै हालसम्मको अवस्थामा आइपुगेको छ । कोषले सञ्चालन गरेका कार्यक्रमहरूमा अन्तराष्ट्रिय अभ्यास अनुरूप परिमार्जन तथा विविधिकरण, संगठनिक पुनसंरचना, पूंजीकोष पर्याप्तताको व्यवस्था तथा पूर्ण रूपमा स्वचालित प्रणाली लगायतका विषयमा अझै परिष्कार गर्नुपर्ने देखिन्छ । यस्ता विषयहरूमा सफलताको लागि कोषसंग अवशर र चुनौती दुवै रहेको हुँदा बदलिदो दृष्टिकोणअनुरूप कोषले आफूलाई अगाडि बढाउनु पर्ने आवश्यकता देखिन्छ । आम जनअपेक्षा अनुरूप वित्तीय प्रणालीको विकाश, स्थायित्व र वित्तीय सुरक्षण संयन्त्रको रूपमा कोषले आफूलाई विकाश गर्दै अघि बढ्नु आजको अपरिहार्यता हो ।

### १.२ **कोषको उद्देश्य**

कोषका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

(क) सर्वसाधारणको निक्षेप र संस्थागत कर्जाको संरक्षण गर्ने ।

(ख) सर्वसाधारणको आर्थिक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।

(ग) सुरक्षण कोषलाई सुदृढ बनाउने ।

### १.३ **दुरदृष्ट्रि** (Vision )

विश्वसनीय कर्जा एवम् निक्षेप सुरक्षण सेवाप्रदायक संस्थाको रूपमा स्थापित हुने ।

### १.४ **दीर्घकालीन लक्ष्य** ( Mission )

सर्वसाधारणको निक्षेप र लक्षित वर्ग तथा क्षेत्रमा प्रवाहित संस्थागत कर्जाको सुरक्षण गरी बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रतिको विश्वसनीयता अभिवृद्धि गर्ने ।

### १.५ **व्यवस्थापकीय मान्यता** ( Core Values )

कोषका संस्थागत मूलभूत मान्यताहरू (Core values) देहाय अनुरूप हुनेगरी निर्धारण गरिएको छ । कोषका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरूले आफ्ना सेवाग्राही तथा अन्य सरोकारवालाप्रति तल लेखिएअनुसारका मूल्य मान्यतामा आधारित भई कोषको सेवा प्रवाह गर्नेछन् । यसलाई सांकेतिक रूपमा TRUSTED भनेर बुझिन्छ । जसमा देहाय बमोजिमको अभिप्राय अन्तर्निहित छ ।

(क) पारदर्शी (Transperancy) : कोषले आफ्ना कामकारबाही पारदर्शी ढंगले सम्पादन गर्नेछ ।

(ख) जिम्मेवार एवं जवाफदेही (Responsible & Accountable) : कोषले आफ्नो उद्देश्य प्राप्तिका लागि ऐन,

नियम तथा प्रचलित व्यवस्थाले निर्दिष्ट गरे बमोजिमका कार्य जिम्मेवार एवं उत्तरदायी भई सम्पादन गर्नेछ ।

(ग) निष्पक्ष (Unbiased/Fair): सेवाग्राही, कर्मचारी, साझेदार लगायतका सबै सरोकारवालाहरू प्रतिको व्यवहार र कारोबारमा कोष निष्पक्ष रहनेछ ।

(घ) सुरक्षा (Security): कोष सञ्चालनसँग सम्बद्ध समग्र क्रियाकलापहरूमा सुरक्षालाई उच्च प्राथमिकता दिइनेछ ।

(ङ) प्रविधिमैत्री (Techno-friendly): कोषको कार्यवातावरण पूर्ण रूपमा प्रविधिमैत्री बनाउने तर्फ केन्द्रित हुनेछ ।

(च) प्रभावकारी (Effective): सेवामा प्रभावकारिता कोषको मूलमन्त्र रहनेछ ।

(छ) गतिशील (Dynamic): परिवर्तित परिवेश र बजारको माग अनुरूप कोषले आफ्ना क्रियाकलापमा गतिशीलता कायम गर्नेछ ।

**१.६ अन्तर्राष्ट्रिय आबद्धता**

कर्जा सुरक्षण तथा यस क्षेत्रमा सहयोगी भूमिका खेल्ने एसिया महादेशका विभिन्न देशका १० संस्थाहरूले सन् १९८७ मा एक साझा संगठन ACSIC (Asian Credit Supplementation Institution Confederation) स्थापना गरे । जसमा नेपालको तर्फबाट कर्जा सुरक्षण निगम संस्थापक सदस्यको भूमिकामा रहेको थियो । स्थापना पश्चात यस संस्थाले निरन्तर वार्षिक रूपमा सम्मेलन गर्दै आएको छ भने कोषले समेत निरन्तर सहभागीता जनाउँदै आएको छ । यसको सातौं सम्मेलन सन् १९९४ (वि.सं. २०५१) मा नेपालमा कर्जा सुरक्षण निगमले आयोजना गरेको थियो । सो पश्चात नेपालले कुनै सम्मेलन आयोजना गर्न नसकेकोमा आगामी सम्मेलन सन् २०२४ मा नेपालमा आयोजना हुने कार्यक्रम तय भएको छ । यस संस्थाले सम्मेलनका साथै सदस्य सस्थाहरूको कर्मचारीका लागि तालिम कार्यक्रम समेत सञ्चालन गर्ने गरेको छ । ACSIC मा हाल एसिया महादेशका १३ मुलुकका १९ संस्थाहरू सदस्य रहेका छन् ।

निक्षेप सुरक्षणको अन्तर्राष्ट्रिय संगठन International Association of Deposit Insurer (IADI) को सदस्यता लिन विभिन्न समयमा प्रयास भएपनि सफल हुन सकेको छैन । यद्यपि, IADI ले सञ्चालन गरेको विभिन्न कार्यक्रमहरूमा भने नेपालले सहभागिता जनाउने गरेको छ । IADI को सदस्यताका लागि तोकिएका अन्य सबै शर्तहरू पूरा भएपनि अनिवार्य वार्षिक शुल्क लगायतका विषय नेपालको सदस्यताको लागि अवरोध बन्ने गरेको छ ।

# परिच्छेद २
# संस्थागत संरचना र सुशासन

## २.१ संगठनात्मक संरचना

कोषको संगठनात्मक संरचना सात सदस्यीय सञ्चालक समिति हुने र त्यसको मातहतमा कोषका अन्य समिति,विभाग, शाखा कार्यालयहरू सम्पूर्ण कर्मचारीहरू रहने व्यवस्था रहेको छ । कोषको वर्तमान संगठनात्मक संरचना निम्नानुसार रहेको छ ।

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ को दफा ४९ मा नेपाल सरकारले कोषको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न एकजना प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गरेको छ । कोष सञ्चालक समितिद्वारा स्वीकृत संगठनात्मक संरचना अनुसार कोषमा एक जना प्रमुख कार्यकारी अधिकृत, काठमाडौंमा केन्द्रिय कार्यालय जसमा सातवटा विभागहरू, नेपालको संघिय संरचना अनुसार सातवटा प्रदेशमा सातवटा शाखा कार्यालयहरू सहितको संस्थागत संरचना कायम भएको छ ।

## २.२ संचालक समितिः

(क) सञ्चालक समितिको गठनः

निक्षेप तथा कर्जा सरक्षण कोष ऐन, २०७३ को दफा ८  मा कोषको उदेश्य प्राप्तिको लागि तथा यस ऐन अन्तर्रगत बनेका नियम वा विनियम बमोजिम कोषले गर्नुपर्ने सम्पूर्ण काम कारवाहीहरूको सञ्चालन रेखदेख तथा प्रबन्ध गर्न एक सात सदस्यीय कोषको सञ्चालक समिति रहनेछ । नेपाल सरकारबाट नियुक्त अध्यक्षको अध्यक्षतामा नेपाल सरकारको विभिन्न सेवाबाट नेपाल सरकारले मनोनित गरेका २ जना सञ्चालक, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक १ जना सञ्चालक, बैंक तथा वित्तीय संस्थाहरूबाट नेपाल सरकारले मनोनित गरेका १ जना सञ्चालक, चाटर्ड एकाउण्टेण्टहरू मध्येबाट नेपाल सरकारले मनोनित गरेको १ जना सञ्चालक र कोषका प्रमुख कार्यकारी अधिकृत गरी सात सदस्यीय सञ्चालक समितिको व्यवस्था गरेको छ । हाल कोषको संचालक समिति ६ सदस्यीय रहेको छ ।

(ख) वर्तमान सञ्चालक समितिः

हाल कोषको सञ्चालक समितिमा देहायबमोजिम सञ्चालकहरू रहनु भएको छ ।

| पद | नाम | कार्यालय/ ठेगाना | मिति |
|---|---|---|---|
| अध्यक्ष | डा. रामप्रसाद घिमिरे | राजश्व सचिव, नेपाल सरकार | २०७९/१०/११ |
| सञ्चालक | थान प्रसाद पंञ्गानी | सह सचिव, अर्थ मन्त्रालय | २०७९/११/०९ |
| सञ्चालक | बिनोदकुमार भट्टराई | सह सचिव कानुन मन्त्रालय | २०८१/०१/२१ |
| सञ्चालक | नरेश शाक्य | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक | २०८०/०९/०१ |
| सञ्चालक | प्रकाश जंग थापा | नेपाल सरकारले मनोनित | २०७७/०४/१३ |
| सञ्चालक | रमेश घिमिरे | प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष | २०७९/०३/१४ |

(ग) यस बाहेक कोषको कार्य संचालनार्थ संचालक स्तरीय चार समिति तथा आवश्यकता अनुसार अन्य उपसमितिहरू रहेका छन् ।

# परिच्छेद–३
# कोषको आन्तरिक तथा बाह्य पक्षको विश्लेषण

## ३.१ कोषको आन्तरिक वातावरण

नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा रहेको प्राकृतिक निक्षेपकर्ताहरूको रकम रू. ५ लाख सम्मको निक्षेपको सुरक्षण गर्ने तथा अर्कोतर्फ कर्जा सुरक्षण कार्यक्रममा सदस्य संस्थाहरूबाट प्रबाह भएका कर्जाहरूको विभिन्न शिर्षक अन्तर्रगत रहेर कर्जाको सुरक्षण गर्ने एकमात्र स्वयत्त संगठीत संस्थाको रूपमा संचालन भइरहेको छ ।

कोषको विद्यमान कानूनी व्यवस्था, कर्जा सुरक्षण कार्यक्रममा विभिन्न पक्षहरूलाई समेट्दै कोषका कार्यक्रमको दायरा विस्तार, क्षतिपूर्ति दावी भुक्तानीमा निरन्तर स्तरोन्नति हुँदै गएको अवस्था, कोषमा नविनतम प्रविधिको प्रयोग मार्फत सेवा प्रवाह छिटोछरितो सरल सहज र व्यवस्थित भइरहेको, कर्मचारीहरूमा सेवा मुलक तालिम मार्फत भईरहेको व्यवस्थित सेवा प्रवाह कार्यव्यवस्थापन सम्बन्धी अनुभवमा निखारत आइरहेको छ । निरन्तर वृद्धि भइरहेको आर्थिक स्रोतका कारण कोष अघिल्लो अर्थिक वर्ष २०७८।७९ मा नेपालमा रहेका सार्वजनिक संस्थानहरूमा सबैभन्दा बढी नाफा कमाउने मध्येमा पाँचौ नम्बरमा सुचिकृत हुन पुगेको छ भने आर्थिक वर्ष २०७९।८० मा चौथो नम्बरमा आउन सक्ने सम्भावना देखिन्छ । कोषको निक्षेप सुरक्षण कार्यक्रम अनिवार्य भएता पनि कर्जा सुरक्षण कार्यक्रममा निष्कृय रहेका कार्यक्रमहरूलाई पनि सञ्चालन गर्ने तयारी गरिएको छ । अन्य कार्यक्रमहरूको दायरा विस्तार गरी सञ्चालन गरिएको छ । कोष भित्र नियमित रूपमा नयाँ पुस्ताका कर्मचारीको प्रवेशले व्यवस्थापकीय कौशलको विकासको सम्भावना बढाएको छ । कोषका क्रियाकलापहरूलाई नियमित, पारदर्शी एवम् प्रभावकारी बनाउन आन्तरिक ऐन, नियम, निर्देशिका र कार्यविधिहरू कार्यान्वयन गरिएको छ । देशको प्रमुख बैंक तथा वित्तीय क्षेत्रको (निक्षेप तथा कर्जा) सुरक्षण संस्थाको रूपमा स्थापित हुन कोषले नेपाल सरकार अर्थ मन्त्रालय, सदस्य बैंक तथा वित्तीय संस्था एवम् नीति निर्माताहसँग पर्याप्त सहकार्य गर्नुपर्ने आवश्यकता रहेको छ । प्रविधिको प्रयोग मार्फत Online Service लाई बढावा दिँदै जानु पर्ने, उपलब्ध श्रोत, साधनको सुरक्षित र भरपर्दो लगानीका नयाँ क्षेत्र पहिचान गर्ने, लगानीलाई विविधिकरण गरी कुशलतापूर्वक परिचालन गर्नुपर्ने चुनौती रहेको, देशको एक वित्तीय क्षेत्रको सुरक्षण संस्थाको रूपमा स्थापित भई वित्तीय सुरक्षाको संस्थागत विकास तथा सदस्य संस्था अपेक्षा अनुरूपका कार्यक्रम सञ्चालनका लागि थप प्रयास गर्न आवश्यक देखिएको छ ।

## ३.२ कोषको बाह्य बातावरण

सन् २०२३ भरि नै विश्व अर्थतन्त्र शिथिल रह्यो । इजरायल-हमास बिच चलिरहेको युद्ध, रूस-युक्रेन युद्ध, पेट्रोलियम पदार्थको मुल्य वृद्धि, खाद्यान्नको मुल्यमा भएको वृद्धि, उच्च मुद्रास्फीति जस्ता कारणहरूले हुन गएको ब्याजदरको बढोत्तरीले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त भएको छ । विश्व व्यापार गतिविधि तथा पूँजी प्रवाह प्रभावित भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्र र विकसित एवम् उदीयमान अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा न्युन रहने र सन् २०२४ मा सामान्य सुधार आउने प्रक्षेपण गरेको छ । कोषका अनूसार सन् २०२२ मा ३.४ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा १.३ प्रतिशतले तथा सन् २०२४ मा ३.० प्रतिशतले विस्तार हुने देखिएको छ । विकसित अर्थतन्त्र भने सन् २०२२ मा २.७ प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा १.३ प्रतिशतले र सन् २०२४ मा १.४ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ । उदीयमान तथा विकासोन्मुख मुलुकहरूको अर्थतन्त्रको वृद्धिदर अघिल्लो वर्ष ४.० प्रतिशतले विस्तार भएकोमा सन् २०२३ र २०२४ मा क्रमशः ३.९ र ४.२

प्रतिशतले विस्तार हुने कोषले प्रक्षेपण गरेको छ। यसैगरी, भारत र चीनको अर्थतन्त्र सन् २०२२ मा क्रमशः ६.८ प्रतिशत र ३.० प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा क्रमशः ५.९ प्रतिशत र ५.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ। सन् २०२४ मा भारतको अर्थतन्त्र ६.३ प्रतिशतले र चीनको अर्थतन्त्र ४.५ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ। विश्व अर्थतन्त्रले भोग्नु परेको उच्च मुद्रास्फीतिको स्थितिमा क्रमशः सुधार हुदै गएको छ। यद्यपि, उर्जाको मुल्य अनिश्चितता, रूस-यूक्रेनबीच जारी यद्ध र आर्थिक मन्दीको सामना गर्न अवलम्बन हुन सक्ने नीतिगत लचकताका कारण मुद्रास्फीति बढ्न सक्ने जोखिम कायमै रहेको छ। अघिल्लो वर्ष विश्व मुद्रास्फीति ८.७ प्रतिशत रहेकोमा सन् २०२३ मा ७ प्रतिशत र सन् २०२४ मा ४.९ प्रतिशतमा झर्ने कोषको प्रक्षेपण छ। यसैगरी अघिल्लो वर्ष विकसित र विकासोन्मूख मुलुकहरूको मुद्रास्फीति क्रमशः ७.३ प्रतिशत र ९.८ प्रतिशत रहेकोमा सन् २०२३ मा क्रमशः मा ४.७ प्रतिशत र ८.६ प्रतिशत तथा सन् २०२४ मा क्रमशः २.६ प्रतिशत र ६.५ प्रतिशतमा झर्ने कोषको प्रक्षेपण छ। रूस-युक्रेन युद्धपछि बढेको पट्रोलियम पदार्थ, खाद्यान्न र धातूजन्य वस्तूहरूको मुल्य हाल स्थिर रहेको वा घट्ने प्रवृत्तिमा रहेका छन्। तथापि, मुद्रास्फीति अझै लक्ष्यभन्दा माथि रहेको र जारी भुराजनीतिक तनावका कारण इन्धनको मुल्यका साथै समग्र मुल्य स्थितिमा जोखिम कायमै रहने देखिएको छ।

## ३.३. मुलुकको समग्र आर्थिक स्थिति

आर्थिक वर्ष २०७९।८० मा नेपालको अर्थतन्त्रको समग्र क्षेत्र चूनौतीपुर्ण रहन गयो। आर्थिक वर्ष २०७९/८० मा मुद्रास्फीति ७ प्रतिशतभित्र कायम राख्ने गरी मौद्रिक नीतिकोकार्यदिशा तय गरिएकोमा २०८० जेठसम्मको औसत मुद्रास्फीति ७.७७ प्रतिशत रहेको। आर्थिक वर्ष २०७९/८० मा न्यूनतम ७ महिनासम्मको वस्तु तथा सेवा आयात धान्न सक्नेगरी विदेशी विनिमय सञ्चिति कायम राख्ने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७९/८० को एघार महिनासम्म करिब ९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति रहेको छ। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा रहेको भारित औसत अन्तरबैंक ब्याजदरलाई ५.५ देखि ८.५ प्रतिशतभित्र राख्ने लक्ष्य राखिएकोमा वार्षिक औसत अन्तरबैंक ब्याजदर ७.१३ प्रतिशत कायम भएको छ। नेपाल राष्ट्र बैंकले लिएको मौद्रिक नीतिको कसिलो कार्यदिशा, आर्थिक वर्ष २०७९।८० को पुवार्द्धमा व्याप्त रहेको लगानीयोग्य रकमको अभाव, ब्याजदर वृद्धि, पूँजी बजारमा आएको नैराश्यता, सहकारी संस्था तथा लघुवित्त क्षेत्रमा देखिएको समस्या, निर्माण, घरजग्गा, पर्यटन लगायतमा आएको शिथिलता, सरकारी राजश्व संकलन तथा पुँजीगत खर्चमा कमी आदि कारण नेपालको समग्र अर्थतन्त्रमा वर्षभरि नै समस्या व्याप्त रह्यो। यसको फलस्वरूप समीक्षा सोही आ.व.मा नेपालको समग्र बैंकिङ्ग प्रणालीको कर्जा गुणस्तर खस्किन गएको छ। नेपालको बैंकिङ्ग क्षेत्रमा निक्षेप संकलन अपेक्षित भन्दा बढी भएतापनि कर्जा लगानी तथा गुणस्तर र मुनाफा अपेक्षित रूपमा हासिल हुन सकेन। आर्थिक वर्ष २०८०।८१ को सुरूवाती अवस्था हेर्दा यस वर्ष मुलुकको अर्थतन्त्रमा केही सकारात्मक सुधार आएको मान्न सकिन्छ। नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनूसार चालु आर्थिक वर्षको पहिलो सात महिनाको आर्थिक परिसुचकहरूमा केही सुधार आएको देखिएको छ। गत आर्थिक वर्षमा आर्थिक वृद्धिदरको लक्ष्य ८ प्रतिशत राखिएकोमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनले २.१६ प्रतिशतमा सिमित रहेको छ। यस्तै चालु आर्थिक वर्षमा लक्षित ६ प्रतिशतको आर्थिक वृद्धिदर ४ देखि ६ प्रतिशतमा सिमित रहने विभिन्न तथ्याय्हरूले आंकलन गरेको छ। अर्थतन्त्रमा सकारात्मक सुधार देखिएका परिसुचकहरूमा मुद्रास्फीति गत आर्थिक वर्षको माघमा ७.८८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधीमा ५.०१ प्रतिशतमा सिमित रहेको छ। चालु आर्थिक वर्षको सात महिनामा विप्रेषण आप्रवाह २१.६ प्रतिशत बृद्धि भई रकम रू ८३९ अर्व विदेशी मुद्रा भित्रिएको छ। शोधनान्तर स्थितिमा उल्लेख्य सुधार भई हाल मुलुकको शोधनान्तर स्थिति रू. २९७ अर्व ७२ करोडले बचतमा रहेको छ। जलविद्युत तथा सिमेन्टको भारतमा भएको निर्यातले मुलुकको सोधानान्तर स्थितिमा केही राहत

पुऱ्याएको छ । विप्रेषण आयमा वृद्धि, पर्यटक आगमनमा बढोत्तरी, घट्दो आयात, पेट्रोलियम पदार्थको मुल्यमा गिरावट लगायतका कारणहरूले विदेशी विनिमय संचिति हालसम्मकै उच्च रू १८,४४.९४ अर्ब  पुगेको छ । अर्थतन्त्रमा आएको शिथिलताको प्रभाव बैंक तथा वित्तीय सस्थामा उल्लेख्य रूपमा परेको सन्दर्भमा नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत पहिलो अर्धवार्षिक समीक्षाबाट केही खुकुलो प्रावधानहरू ल्याएकोले बैंक तथा वित्तिय संस्थाहरूको कर्जा प्रवाहमा केही सुधार आउने देखिएको छ, भने पुँजी बजारमा समेत सकारात्मक सुधार आउने संकेत देखिएको छ । हाल वित्तीय क्षेत्रमा भएको अधिक तरलतालाई व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकले खुल्ला बजार कारोबार मार्फत तरलता प्रशोचन गर्ने कार्य समेत गर्दै आएको छ । अर्थतन्त्रको अधिकांश परिसुचकहरू सकारात्मक बन्दै गएको वर्तमान परिप्रेक्ष्यमा मुलुकको अर्थतन्त्रको सबलीकरणका लागि अन्य केही परिसुचकहरूमा अझै पनि थप सुधारको अवश्यकता रहेको छ । सरकारको वित्त व्यवस्थापन, राष्ट्रिय उत्पादन र उत्पादकत्व, निर्यात प्रवर्द्धन जस्ता पक्षहरूमा थप सुधार हुन सकेमा आगामी दिनमा मुलुकको अर्थतन्त्रले सही गति लिन सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

# परिच्छेद–४

# कोषका कार्यक्रमहरू

## ४.१ निक्षेप सुरक्षण

### ४.१. क. सुरक्षण

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा कल, चल्ती, बचत र मुद्दती खाता समेत गरी प्रति निक्षेपकर्ता प्रति बैंक/वित्तीय संस्थामा रहेको बढीमा रू. पाँच लाखसम्मको निक्षेपको कोषमा स्वतः सुरक्षण हुने व्यवस्था रहेको छ ।

### ४.१ ख. संलग्न बैंक तथा वित्तीय संस्था

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "क" वर्गका २१ वटा, "ख" वर्गका १७ वटा, "ग" वर्गका १६ वटा र "घ" वर्गका २ वटा गरी ५६ वटा बैंक तथा वित्तीय संस्थाहरू यस कार्यक्रममा संलग्न रहेका छन् ।

### ४.१ ग. सुरक्षण शुल्क

कोषमा निक्षेप सुरक्षण गराए वापत बैंक तथा वित्तीय संस्थाको सुरक्षण हुने निक्षेपको ०.१६ प्रतिशत का दरले वार्षिक सुरक्षण शुल्क तोकिएको छ । यस मध्ये प्रत्येक त्रैमासको पहिलो महिनाको १० गते भित्र ०.४ प्रतिशत का दरले अग्रिम रूपमा सदस्य संस्थाले सुरक्षण शुल्क बुझाउनु पर्नेछ ।

### ४.१ घ. दाबी भुक्तानी

कोषमा सुरक्षण गरिएको निक्षेप रहेका बैंक तथा वित्तीय संस्था लिक्वीडेशनमा गएको घोषणा भएमा प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा कल, चल्ती, बचत र मुद्दती खाता समेत गरी बढीमा रू.पाँच लाखसम्मको रकम लिक्वीडेटर मार्फत सम्बन्धित निक्षेपकर्तालाई कोषले भुक्तानी दिने व्यवस्था रहेको छ ।

## ४.२. कर्जा सुरक्षण

### ४.२.१ साना तथा मझौला उद्यम कर्जा

#### ४.२.१ क सुरक्षण

साना तथा मझौला उद्यम अन्तर्गत व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई स्थिर तथा चालु पूंजीको लागि धितो लिई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने व्यवस्था गरेको छ ।

#### ४.२.१ ख संलग्न बैंक

साना तथा मझौला उद्यम कर्जा सुरक्षण अन्तर्गत ग्लोवल आइएमई बैंक लि., सिटिजन्स बैंक इन्टरनेशनल लि., लक्ष्मी बैंक लि., नेपाल एसबिआई बैंक लि., कुमारी बैंक लि. र प्रोग्रशिभ फाइनान्स लि. ले कोषसंग सम्झौता गरी यस क्षेत्रमा लगानी गरेको कर्जा सुरक्षण गराइरहेका छन् ।

#### ४.२.१ ग कर्जा सुरक्षण सीमा

साना तथा मझौला उद्योग र सेवा व्यवसायमा बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको रू. १ करोड सम्मको कर्जा रकम (साँवा र ब्याज) कोषसँग भएको सम्झौता पश्चात स्वत सुरक्षण

हुने व्यवस्था गरिएको छ। कोषको स्वीकृति लिई एक करोड भन्दा बढी लगानी गरिने कर्जाको सुरक्षण सीमा रू. ३ करोड सम्म पुऱ्याइएको छ।

४.२.१ **घ. सुरक्षण शुल्क**

साना तथा मझौला उद्यम कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकी साँवा र व्याज रकमको वार्षिक ०.६% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ । यसरी कायम भएको साना तथा मझौला कर्जाको वार्षिक सुरक्षण शुल्क मध्ये पचास प्रतिशत रकम नेपाल सरकारबाट अनुदान रूवरूप कोषलाई प्राप्त हुनेछ। बाँकी पचास प्रतिशत रकम त्रैमासिक रूपमा एक चौथाइका दरले प्रत्येक त्रयमास समाप्त भएको १० दिन भित्र सम्बन्धित सदस्य संस्थाले कोषमा बुझाउनु पर्नेछ।

४.२.१ **ङ दाबी भुक्तानी**

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्ने र यसरी दाबी गरेको साँवा र ब्याज रकमको रू. ५० लाख सम्मको कर्जाको ८०% र रू ५० लाख भन्दा माथि रू ३ करोडसम्मको कर्जाको ७०% का दरले कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ।

४.२.२ **कृषि कर्जा**

४.२.२. **क सुरक्षण**

कृषि कर्जा अन्तर्गत व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई स्थिर तथा चालु पूंजीको लागि धितो लिई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने व्यवस्था गरेको छ।

४.२.२. **ख. संलग्न बैंक**

कृषि कर्जा सुरक्षण अन्तर्गत ग्लोबल आइएमई बैंक लि., सिटिजन्स बैंक इन्टरनेशनल लि., लक्ष्मी बैंक लि., कुमारी बैंक लि., प्रोग्रेशिभ फाइनान्स लि., नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, र माछापुच्छ्रे बैंक लि., प्रभु बैंक लि.ले कोषसंग सम्झौता गरी यस क्षेत्रमा लागनी गरेको कर्जा सुरक्षण गराइरहेको छन् ।

४.२.२. **ग कर्जा सुरक्षण सीमा**

कृषि व्यवसायमा बैंक वा वित्तीय संस्थाले प्रदान गरेको रू. १ करोड सम्मको कर्जा रकम (साँवा र ब्याज) कोषसँग भएको सम्झौता पश्चात स्वत सुरक्षण हुने व्यवस्था गरिएको छ। कोषको स्वीकृति लिई लगानी गरिने कर्जाको सुरक्षण सीमा रू. ३ करोड सम्म पुऱ्याइएको छ।

४.२.२. **घ सुरक्षण शुल्क**

कृषि कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकी साँवा र व्याज रकमको वार्षिक ०.६% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ । यसरी कायम भएको कृषि कर्जाको वार्षिक सुरक्षण शुल्क मध्ये पचास प्रतिशत रकम नेपाल सरकारबाट अनुदान रूवरूप कोषलाई प्राप्त हुनेछ। बाँकी पचास प्रतिशत रकम त्रैमासिक रूपमा एक चौथाइका दरले प्रत्येक त्रयमास

समाप्त भएको १० दिन भित्र सम्बन्धित सदस्य संस्थाले कोष्मा बुझाउनु पर्नेछ।

**४.२.२ ङ दाबी भुक्तानी**

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्ने र यसरी दाबी गरेको साँवा र ब्याज रकमको रू. ५० लाख सम्मको कर्जाको ८०% र रू ५० लाख भन्दा माथि रू ३ करोडसम्मको कर्जाको ७०% का दरले कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ।

**४.२.३ लघु वित्त तथा विपन्न वर्ग कर्जा**

**४.२.३ क सुरक्षण**

प्रचलित कानून बमोजिम धितो सुरक्षण नलिई  व्यक्तिगत वा सामूहिक जमानीमा वा धितो लिई कर्जा प्रदान गर्न योग्य ऋणीलाई सदस्य संस्थाले लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ।

**४.२.३ ख  संलग्न बैंक तथा वित्तीय संस्था**

लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत ५८ वटा बैंक/वित्तीय संस्थाले यस कार्यक्रम संचालन गर्न कोषसंग संझौता गरी कर्जा सुरक्षण गराइरहेका छन्।

**४.२.३. ग कर्जा सुरक्षण सीमा**

लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात राष्ट्र बैंकले समय समयमा तोकेका लघुवित्त तथा विपन्न वर्ग कर्जाको सीमा सम्म प्रदान गरेको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छ।

**४.२.३ घ सुरक्षण शुल्क**

